बैठक संख्या १७

आज मिति २०८२/०३/०४ गते बुधवारका दिन दिउँसो ३:०० बजे यस आ.व. अन्तर्गत रामपुर नगर कार्यपालिकाको १७ औं बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

CamScanner

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को सत्रौ कार्यपालिका बैठकको प्रस्तावहरु

१. नगर सभाको १७ औ अधिवेशनको तयारी छलफल सम्बन्धमा ।
२. आगामी आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट तयारी छलफल सम्बन्धमा ।
३. विविध ।

निर्णयहरु

१.निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विद्ययेक पेश गर्नका लागि रामपुर नगरपालिकाको गरिमामय नगरसभाको १७ औ अधिवेशन मिति २०८२/०३/०८ गते, आइतवार, दिउँसो १.०० बजे नमस्ते पाल्पा होटल एण्ड रेष्टुरेण्टमा गर्ने निर्णय गरियो ।

२.निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयारीका लागि विषयगत समिति तथा वडागत रुपमा प्राप्त हुने महत्वपूर्ण नीति तथा कार्यक्रमका बारेमा छलफल गरियो साथै नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्य तयारी गर्ने कार्यलाई प्रभावकारी, जनमुखी र प्रतिफलमुखी बनाउन उपयुक्त हुने विषयहरुका सम्बन्धमा समेत छलफल गरियो ।

३.निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा लेखा समिति, विद्यायन समिति, अनुगमन तथा सुशासन समिति, न्यायिक समितिको वार्षिक प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

CamScanner

४. निर्णय नं. ४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाका अन्तर्गतका बाटो तथा सडकहरुको मापदण्ड न्यूनतम मापदण्ड ६ मी. तोक्ने निर्णय गरियो ।

५.निर्णय नं. ५, प्रस्ताव नं. ३ माथि छलफल गर्दा विपद् व्यवस्थापन कोष खर्च शीर्षकबाट तपसिल बमोजिमका शीर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

| क्र.सं. | नामथर | ठेगाना | विवरण | राहत लिएको रकम |
|---|---|---|---|---|
| १ | खुन माया गाहा | रा.न.पा-१ | निजको छोरा लक्ष्मण गाहा वैदेशिक रोजगारीको क्रममा मृत्यु भएकोले मृतकको शव विमानस्थल देखि घर ल्याउदा भएको खर्च | रु २०,०००/- (रु बीस हजारमात्र) |
| २ | टोप बहादुर सोमाल | रा.न.पा-१ | निजको भाई काले समालको मृत्यु भएको, घरको आर्थिक अवस्था कमजोर | रु १२,०००/-(रु बाह्र हजार मात्र) |
| ३ | गिरीराज अधिकारी | रा.न.पा-७ | निजको जग्गा बहखोलाले कटान गरेकोले रोकथाम खर्च | रु १०,०००/-(रु दश हजार मात्र) |
| ४ | माया घर्ती | रा.न.पा-६ | निजको दाई गोविन्द घर्ती लामो समय देखि बिरामी भएको निजको घरको आर्थिक अवस्था कमजोर | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) |
| ५ | गन बहादुर सुनार | रा.न.पा-८ | अविरल वर्षाको कारणले घर भत्काएको | रु ४०,०००/-(रु चालीस हजार मात्र) |

CamScanner